# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, मंसीर १६ गते २०४३ साल (अतिरिक्ताङ्क ३६ (ख)

## भाग ३

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना

**पञ्चायत नीति तथा जाँचबुझ समिति (तेस्रो संशोधन) नियमावली, २०४३**

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानको धारा ४१ ख. को उपधारा (२) बमोजिम देहायको नियमावली स्वीकृत गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमावलीको नाम "पञ्चायत नीति तथा जाँचबुझ समिति (तेस्रो संशोधन) नियमावली, २०४३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. पञ्चायत नीति तथा जाँचबुझ समिति नियमावली, २०३८ (यसपछि मूल नियमावली भनिएको) को नियम ३ मा देहायबमोजिम संशोधन गरिएका छन् ।

(क) उपनियम (१) मा "एक्काइस" भन्ने शब्द झिकी "पच्चीस" भन्ने शब्द राखिएको छ ।

(ख) उपनियम १को (क)को देहाय (३) का शब्दहरू झिकी त्यसको सट्टा "राष्ट्रिय पञ्चायत, पञ्चायत समितिका सभापति" भन्ने शब्दहरू राखिएको छ ।

(ग) उपनियम १ को खण्ड (घ)मा रहेको "श्री ५ बाट तोकिबक्सेका बढीमा ६ जना व्यक्ति" भन्ने शब्दहरू झिकी त्यसको सट्टा "श्री ५ बाट तोकिबक्सेका बढीमा १४ जना व्यक्ति" भन्ने शब्दहरू राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. मूल नियमावलीको नियम ५ मा संशोधनः मूल नियमावलीको नियम ५ मा देहायबमोजिमका संशोधन गरिएका छन्ः–

(क) नियम ५ को उपनियम (१) मा "राष्ट्रिय पञ्चायतका उपाध्यक्ष" भन्ने शब्दहरूपछि "र राष्ट्रिय पञ्चायत, पञ्चायत समितिका सभापति" भन्ने शब्दहरू र सोही उपनियममा "दुई वर्ष छ महिना" भन्ने शब्दहरूको सट्टा "तीन वर्ष" भन्ने शब्दहरू राखिएको छ ।

(ख) नियम ५ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांश खण्ड (क) को देहाय (२) झिकी त्यसको सट्टा देहायको (२) राखिएको छ।

"(२) नियम ३ को उपनियम (१) को खण्ड (क) को (२) र (३) अनुसारको सदस्यको हकमा निजहरू क्रमशः राष्ट्रिय पञ्चायतको उपाध्यक्ष र पञ्चायत समितिको सभापति नरहेमा, "

(ग) नियम ५ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) को देहाय (३) झिकिएको छ ।

(घ) नियम ५ को उपनियम (३) झिकिएको छ ।

(ङ) नियम ५ को उपनियम (४) मा रहेको "बैठक भत्ता" भन्ने शब्दहरू झिकी त्यसको सट्टा "सुविधा" भन्ने शब्द राखिएको छ ।

(च) नियम ५ को उपनियम (५) मा रहेका "नियम ३ को उपनियम (१) को खण्ड (घ) र (ङ) अनुसारका सदस्यहरूले देहायबमोजिमको पारिश्रमिक तथा भत्ता पाउनेछन्" भन्ने शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएका छन् ।

"नियम १३क.को कार्यकारी समूहमा परेका सदस्यहरूले देहायबमोजिमको पारिश्रमिक र भत्ता पाउनेछन् ।"

४. मूल नियमावली १३ पछि देहायको मूल नियमावली १३क. थप गरिएको छ ।

"१३.क. कार्यकारी समूह : श्री ५ बाट अध्यक्षको सिफारिशमा तोकिबक्सेका सदस्यहरू रहने गरी अध्यक्षले आफ्नो अध्यक्षतामा आवश्यकतानुसार कार्यकारी समूह गठन गरी समितिको कार्य सुचारू रूपले सञ्चालन गराउन सक्नेछ । यस समूहमा परेका सदस्यहरूले समितिमा पूर्ण समय कार्य गर्नेछन् । कार्यकारी समूहको बहुमतले गरेको निर्णय समितिको निर्णय मानिनेछ ।"

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

२५० आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।